**मिति २०७८/६/११ को नगर कार्यापालिका बैठकका प्रस्तावहरु**

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

१. आर्थिक सहायता सम्बन्धमा सम्बन्धमा ।

२. शिनपा २ निपानेको ढुङ्गा निकासी सम्बन्धमा ।

३. पत्रकार महासंघलाई भवन निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा ।

४. बालविकास शिक्षक शिक्षिका र विद्यालयमा कार्यरत कर्मचारीको ज्ञापन पत्र सम्बन्धमा ।

५. सामाजिक सुरक्षा भत्ता सम्बन्धमा ।

६. विद्युतिय सामग्री ढुवानी गरेको रकम भुक्तानी सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा विभिन्न कार्यालय, संघ संस्थाहरुबाट विभिन्न कार्यको लागि आर्थिक सहयोग माग गरि निवेदन दिएकाले निम्न अनुसारको आर्थिक सहयोग रकम चालु खर्च तर्फ अन्य सामाजिक सहायता शिर्षकबाट दिने निर्णय गरियो ।

**तपशिल**

(क) अखिल नेपाल रष्ट्रिय स्वतन्त्र विद्यार्थि युनियन (क्रान्तिकारी) (चिरञ्जिवी ढकाल) रु १५०००।-

(ख) निजामती कर्मचारीहरुको आधिकारीक ट्रेड युनियन अ.खा. रु २००००।-

(ग) अखिल नेपाल रष्ट्रिय स्वतन्त्र विद्यार्थि युनियन (क्रान्तिकारी) (अध्यक्ष रञ्जित तामाङ्ग) रु १५०००।-

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. २ निपानेमा रहेका बम बहादुर खड्का, रुद्र बहादुर खड्का, सरिता खड्का, केस बहादुर खड्का, स्व. रेसम बहादुर खड्काको नाममा दर्ता रहेका कि.नं. ६५८, ६५९, ४६६, ३०८, ३२६ बाट घडेरी बारी वनाउने कार्य गर्दा निस्कीएका करिव १० टिप्पर ढुङ्गा निकासीको लागि नियमानुसारको रोयल्टी बुझाई अनुमती माग गरी शिनपा २ निपाने निवासी बम बहादुर खड्काले निवेदन दिएको अवस्थामा शिनपा २ निपाने निवासी केशव खड्काले विद्यालय, खानेपानी लाई असर गर्ने लगायतका विभिन्न कारण उल्लेख गरी उक्त क्षेत्रमा ढुङ्गा निकाल्न नहुने र काम सुरु गर्न लागेकोले बन्द गराई पाउ भनि निवेदन दिएकोमा जग्गा धनि रेशम के.सी. लगायतले केशव खड्काको बाहेकको जग्गाको लैजान पाउँ भनि दिएका निवेदनहरु माथि आजको बैठकमा छलफल भयो । लैजान दिने नदिने विषयमा विभिन्न गुनासाहरु आएकोले स्थलगत अनुगमन गरी १ महिना भित्र प्रतिवेदन पेश गर्न निम्न अनुसारको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपशिल

संयोजक उप- प्रमुख श्री टिकाराम रेश्मी मगर शिनपा

सदस्य वडा अध्यक्ष वडा नं. २ श्री गोवर्धन थापा शिनपा

सदस्य का.पा. सदस्य श्री राम बहादुर दर्नाल शिनपा

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश को भवन निर्माणको लागि लुम्बिनी प्रदेशको राजधानी राप्ती भालुवाङ्ग क्षेत्रको यस नगरपालिकाको वडा नं. ८ लाहापेको सातमारा स्थित उपयुक्त ऐलानी जग्गाको पूर्व महेन्द्र राजमार्ग, पश्चिम वडकापथ सिंचाई राप्ती किनार, उत्तर अस्थायी प्रहरी चौकी र दक्षिण जंगली खोल्सी कित्ता नं. ८४ रहेको ५ रोपनी जग्गा नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश भवन निर्माणको लागि उपलब्ध गराउन भनि वडाबाट दलिय प्रतिनिधिहरु समेतको उपस्थितिमा बैठक गरी बैठकको निर्णय सहित सिफारिस भई आएकोले वडाको सिफारिस समेतका आधारमा उक्त स्थानमा नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशको भवन निर्माण गर्न २ रोपनी जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा संघीय सरकारले बाल विकास शिक्षक शिक्षिकाहरुको तलव सुविधा संघीय सरकारले तोकेवमोजिम उपलब्ध गराई दिन भनि माग गरी ज्ञापन पत्र दिएको सन्दर्भमा छलफल भयो । संघीय सरकारले चालु आ.व.को वजेट मार्फत बाल विकास शिक्षक/शिक्षिकाको तलव वढाई १५०००।- पुराउने उक्त रकम मध्ये ८०००।- संघीय सरकारले र बाँकी सम्बन्धित स्थानीय तहले उपलब्ध गराउने गरी व्यवस्था गरेकोमा ठूलो नगरपालिका भएका कारण योजना धेरै भई बजेट अभावका कारण रु २०००।- मात्र थप गरेकोले नपुग हुने रकम रु ५०००।- का हुन आउने जम्मा रकम रु ९५५५०००।- संघीय सरकारमा माग गर्ने साथै माध्यमिक विद्यालयमा कार्यरत सहायक कर्मचारी, लेखापालहरुले समेत न्यूनतम तलव नपाएकोले न्यूनतम तलव उपलब्ध गराउन संघीय सरकार माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १४ मिति २०७८/५/१५ गतेको पत्र आजको बैंठकमा जानकारी भयो । दोहोरो पर्ने गरी थप गरी सामाजिक सुरक्षा भत्ता उपलब्ध नगराईएकोले आगामी दिनमा समेत उक्त पत्रको मर्म र भावन अनुसार गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल यस नगरपालिकाको वडा नं. ७ मा विद्युत मर्मतको लागि सन्धिखर्क देखि विद्युतिय सामान र पोल शिनपा ७ जलुके सम्म ढुवानी गरी लैजादा भएको खर्च रु १७०००।- भुक्तानी गर्ने निर्णय गरियो ।

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

मिति २०७८/५/४ नगर कार्यापालिका बैठकका प्रस्तावहरु

१. प्राथमिक स्वास्थ्य केन्द्रलाई अस्पतालको रुपमा विस्तार गर्ने सम्बन्धमा ।

२. आधारभुत स्वास्थ्य इकाई भवन माग सम्बन्धमा ।

३. नगरको नक्सा सुधार गर्ने सम्बन्धमा ।

४. विशेष क्षेत्र घोषणा माग गर्ने सम्बन्धमा ।

५. विभिन्न सडक स्तरोन्नतीको लागि माग गर्ने सम्बन्धमा ।

६. शिक्षकलाई हाजिर गराउने सम्बन्धमा ।

७. एकल पुरुष/एकल महिला र "ग" वर्गको अपाङ्ग भत्ता वितरण कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।

८. चालु आ.व.का योजना कार्यान्वयन सम्बन्धमा ।

९. प्रधानमन्त्री रोजगारका योजना सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्रत्येक स्थानीय तहहरुमा १५ शैयाको आधारभुत अस्पताल निर्माण गर्ने लक्ष्य अनुसार अस्पताल निर्माणको लागि आवश्यक पर्ने जग्गाको सन्दर्भमा यस नगरपालिकाको वडा नं. ३ ठाडामा रहेको प्राथमिक स्वास्थ्य केन्द्रको नाममा पुर्जा भएको र भोगचलन गरिरहेको जग्गा हालै विशेष नापीको क्रममा नापी भई सकेको र लालपुर्जा वितरणको कार्य सुरु नभएकोले पुर्जा प्राप्त भै नसकेको अवस्थामा विशेष नापी कार्यालय अ.खा. १ नं. नापी टोलीलाई यस कार्यालयबाट पत्राचार गरिएकोमा प्राथमिक स्वास्थ्य केन्द्र ठाडाको नाममा नापनक्सा भई दर्ता समेत भएको भनि निम्न अनुसार जग्गा भएको विवरण उल्लेख गरी पत्र प्राप्त हुन आएकोले उक्त जग्गामा १५ शैयाको आधारभुत अस्पताल निर्माण का लागि जग्गा व्यवस्थापन गर्ने सन्दर्भमा जिल्ला स्थित सार्वजनिक जग्गा सिफारिस समितिमा र जिल्ला समन्वय समितिमा सिफारिसका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**तपशिल**

| सि. नं. | स्थान | साविकको कित्ता नं. | हालको नक्सा सिट नं. | हालको कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | शितगंगा नगरपालिका वडा नं. ३ ठाडा अ.खा. | २२८ र २२९ | ०९८-०५२९-४ | १९८ | ०.६१६२.७६ वर्ग मी: अर्थात १२ रोपनी १ पैसा |

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ७ को जलुके र वडा नं. १४ को पावरमा आधारभुत स्वास्थ्य इकाई भवन नभएकोले उक्त वडामा आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माणको लागि

एक वडा एक आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण कार्यक्रममा समावेश गरी बजेट व्यवस्था हुन संघीय सरकार जनसंख्या तथा स्वास्थ्य मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस शितगंगा नगरपालिका हालको संरचना अनुसार यसको क्षेत्रफल ६१०.४ वर्ग कि.मी उल्लेख भएको तर यस नगरपालिकाको कपिलवस्तु, दाङ्ग र रुपन्देही जिल्लाको सिमाना तर्फका वडा नं. ८ को कालाकाटे, धोदरे क्षेत्र, वडा नं. ९ को रागाकाटे नयाँवस्ती क्षेत्र, वडा नं. ११ को जावुनेवास, दोवाटा, चोरखोला, सुकवेल, वहवेल, लुन्ग्री, खयरभट्टी, मौवावारी, टिक्करी, क्षेत्र, वडा नं. १२ को बेलौतेपाटा, मोहडाकाथरी क्षेत्र, वडा नं. १३ को भंगाला, मुसियान क्षेत्र र वडा नं. १४ को खोरमोर, विक्रम पावर, हडाहा सुखौरा क्षेत्र लगायतका वस्ती तथा उक्त वस्ती क्षेत्रका यस नगरवासीले वर्षौ देखि प्रयोग गरेका आसपासका केही सामुदायिक र सरकारी वन क्षेत्रसँग सम्बन्धित भू-भागहरु यस नगरपालिकाको क्षेत्र भित्र नदेखिएकाले कपिलवस्तु, दाङ्ग, रुपन्देही सिमाक्षेत्रको भू-भाग नापनक्सा तथा यकिन गरी यस नगरपालिकाको कुल क्षेत्रफलमा छुट भएको क्षेत्रफल समावेश गर्न तथा नक्सामा सच्याई नयाँ नक्सा कायम गर्न आवश्यक व्यवस्थाको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको भौगोलिक बिषमता, विशालता, छरिएको बस्ती, नगरवासीको कमजोर आर्थिक अवस्था, सेवा प्राप्त गर्न लाग्ने लागत र समय बढी भएको पक्षलाई बिचार गर्दा नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्थालाई दृष्टिगत गर्दै बिशेष क्षेत्र घोषणा गर्न गत विगतमा समेत पहल गरिएकोमा हाल सम्म हुन नसकेकोले विशेष क्षेत्र घोषणाको लागि संघीय सरकारमा सिफारिस गर्न प्रदेश सरकारलाई अनुरोध गर्ने र संघीय सरकार समक्ष माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाका मुख्य सडकहरु स्तरोन्नती तथा निर्माणको लागि वजेट अभावका कारण समस्या रहेकोले निम्न सडकहरु स्तरोन्नती तथा निर्माणको लागि प्रदेश सरकार तथा संघीय सरकारसँग माग गर्ने निर्णय गरियो ।

**(क)** यस नगरपालिकाको वडा नं ४, १२, १० र ९ लाई समेट्दै दाङ्ग जिल्ला जोड्ने चाक्ला सिद्धारा धानखोला सडक करिव ४८ कि.मी लम्वाई भएको सडक मध्ये चाक्ला देखि हर्रे सम्मको ११ कि.मी सडक राष्ट्रिय पुर्ननिर्माण प्राधिकरण (भुकम्प) मार्फत कालोपत्रे भई सकेको र बाँकी सडक खण्डको डिपिआर तयार भएकोमा हाल पुन: निर्माणको कार्यक्रम उक्त सडकमा नरहेकोले सो सडकको डिपिआर गरेको

बाँकी सडक खण्ड संघीय सरकाले कार्यक्रममा समावेश गरी कालोपत्रे गर्ने कार्य गर्न संघीय सरकारका सम्बन्धित निकाय मत्रालयमा माग गर्ने निर्णय गरियो ।

**(ख)** यस नगरपालिकाको वडा नं ४, ५, ६ र ७ लाई समेट्दै प्यूठान जिल्लाको स्वर्गद्धारी सम्म जोड्ने ठाडा अमराई जुकेना देउराली ऐरावती स्वर्गद्धारी सडक यस नगरपालिकाको प्रमुख सडक मध्येको एक भएको र यस सडकले अत्यधिक जनसंख्यालाई सेवा दिनुको साथै यस नगरपालिकाको धार्मिक एवं पर्यटकीय क्षेत्र पतञ्जली क्षेत्र र प्यूठान जिल्लाको धार्मिक एवं पर्यटकीय क्षेत्र स्वर्गद्धारीलाई समेत समेट्ने यस सडकको स्तरोन्नती कार्यको लागि केही सडक खण्डको डिपिआर समेत भैसकेको र गत आ.व.मा संघीय समपुरक अनुदानमा वजेट माग गर्दा वजेट प्राप्त नभएकोले ठाडा अमराई जुकेना देउराली ऐरावती स्वर्गद्धारी सडक स्तरोन्नतीको लागि प्रदेश सरकार/संघीय सरकाको कार्यक्रममा समावेश गरी कार्यान्वयन हुन प्रदेश सरकार/संघीय सरकारका आवश्यक निकाय तथा मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

**(ग)** पिपरा सिमलपानी भेडामारे चाक्ला चिदिचौर सातामारा भालुवाङ्ग (सहिद कृष्णसेन इच्छुक स्मृती मार्ग) सडकले यस नगरपालिकाका वडा नं. १४, १३, ४, १०, ९, ८ का साथै कपिलवस्तु अर्घाखाँची दाङ्ग जिल्ला समेतलाई समेट्नुको साथै अधिकाशं जनतालाई लाभ पुऱ्याउने भएको तर वजेट अभावमा स्तरोन्नतीको कार्य हुन नसकेको अवस्थामा चालु आ.व.मा उक्त सडकको पिपरा सिमलपानी भेडामारे खण्ड स्तरोन्नतीको लागि संघीय सरकारबाट रु २५ लाख वजेट विनियोजन भएको तर सो वजेटलेमात्र स्तरोन्नतीको कार्य हुन नसक्ने भएकोले उक्त सडक स्तरोन्नतीको लागि आवश्यक वजेट व्यवस्था हुन संघीय सरकारमा माग गर्ने निर्णय गरियो ।

**(घ)** यस नगरपालिकाको वडा नं. ८ वडा कार्यालय जोड्ने सातमारा लाहापे सडक स्तरोन्नतीको लागि आवश्यक वजेट व्यवस्था हुन प्रदेश सरकार/संघीय सरकारमा माग गर्ने निर्णय गरियो ।

**(ङ)** यस नगरपालिकाको वडा नं. १०, ९, ७ मा पर्ने हर्रे बोहखर लौरी वसेनी लामाताल सडक स्तरोन्नतीको लागि चालु आ.व.मा प्रदेश सरकारबाट रु २० लाख वजेट विनियोजन भएको तर सो वजेटले मात्र स्तरोन्नतीको कार्य हुन नसक्ने भएकोले उक्त सडक स्तरोन्नतीको लागि आवश्यक वजेट व्यवस्थाको लागि प्रदेस सरकार/संघीय सरकारमा माग गर्ने निर्णय गरियो ।

**(च)** लुम्बिनी प्रदेशको राजधानी भालुवाङ्ग राप्ती वगर क्षेत्रलाई आधारमानी लुम्बिनी प्रदेश सरकारले रिङ्गरोड सडक निर्माण गर्न लागेको भन्ने बुझिन आएकोले उक्त रिङ्गरोड निर्माण गर्दा यस नगरपालिकाको त्यस क्षेत्रको धानखोला लामीदमार बोहखर लौरी लामाताल प्यूठान सडकलाई लुम्बिनी प्रदेशको रिङ्गरोडमा समावेश गरी रिङ्गरोड निर्माण गर्न लुम्बिनी प्रदेश सरकारमा माग गर्ने निर्णय गरियो ।

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा सुरेश कुमार खड्का शिक्षक शिनपा २ ले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ४० मिति २०७८/४/३२ को पत्रबाट त्यस नगरपालिकाको वडा नं. २ सितापुर स्थित श्री जनप्रिय प्रा.वि.का शिक्षक श्री सुरेश कुमार खड्कालाई सम्मानित पुनरावेदन अदालत पोखराको आदेश बमोजिम नगरपालिका भित्र कुनै रिक्त दरवन्दीमा निजलाई हाजिर गराउन र हाजिर भएको मिति देखिको मात्र तलव भत्ता खुवाउने व्यवस्था गर्न भन्ने व्यहोरा समेत उल्लेख गरेको शिक्षा मन्त्रालयको पत्र संलग्न राखी हाजिर गराई पाउँ भनि निवेदन दिएकाले मन्त्रालयको पत्रानुसार यस नगरपालिकाका विद्यालयहरु मध्ये कुनै रिक्त दरवन्दीमा निज शिक्षक सुरेश कुमार खड्कालाई हाजिर गराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा कार्यालयबाट तयार भई पेश भएको एकल पुरुष/एकल महिला र "ग" वर्गको अपाङ्ग भत्ता वितरण कार्यविधि २०७८, स्वीकृत गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा चालु आ.व.का योजना कार्यान्वयन गर्ने सन्दर्भमा रु १० लाख सम्मका योजनाहरु उपभोक्ता समितिबाट कार्यान्वय गर्ने, सो भन्दा माथिका योजनाहरु ठेक्का पट्टाको माध्यमबाट कार्यान्वयन गर्ने, १० लाख भन्दा कम रकम विनियोजन भएका योजनाहरु पनि समितिबाट कार्यान्वयन हुन नसकेमा ठेक्का पट्टाको माध्यमबाट कार्यान्वयन गर्ने निर्णय गरियो । साथै समयमै योजना कार्यान्वयनको लागि सवै पक्ष सक्रियताका साथ लागि पर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा चालु आ.व.का योजना कार्यान्वयन गर्ने सन्दर्भमा प्रधानमन्त्री रोजगार तर्फ नवौं नगरसभामा उल्लेख भएका योजनाहरु बाहेक तपशिलका योजनाहरु समेत थप गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल

१. मजुरेडाडा कोन्द्रेघाट जाने गो.वा. निर्माण शिनपा १२

२. खुम्चीकोट निपाने दमार गो.वा. निर्माण शिनपा १२

३. साईवासे कुलो मर्मत तथा तल्लो डोहोटे रिङ्गरोड शिनपा १२

४. कल्लेरी खुनुवा सिंचाई कुलो मर्मत शिनपा १२

५. वडा स्तरीय कच्चि सडक तथा नाली निर्माण शिनपा १२

६. वडा भित्रका सम्पूर्ण पद मार्ग शिनपा १२

७. बान्द्रे कल्लेरी मो.वा. नाली निर्माण तथा मर्मत शिनपा ७

८. लामाताल रिङ्गरोड नाली, स्वास्थ्य इकाई बाटो मर्मत शिनपा ७

९.जुवाकोट जामुनपोखा बुटेनी राङ्गकाश गोरेटो शिनपा ७

१०. जुवाकोट जलुके दमारवेशी मो.वा. नाली तथा मर्मत शिनपा ७

११. खैरेनी घाट देखि लामाताल नाली तथा मर्मत शिनपा ७

१२. पान्ग्रे पलाटे ढुङ्गेखोला कुलो निर्माण शिनपा ७

१३. खन्नेपानी पोखानेटा नाली तथा मर्मत शिनपा ७

१४. वरिपरि पानी स्वामिनेटा मो.वा. तथा मगराकोट मन्दिर मर्मत शिनपा ७

१५. सातमारा लाहापे सडक शिनपा ८

१६. मिलनचोक देखि वेसारेडाडा मो.वा. शिनपा ८

१७. हात्तिढुङ्गा ट्रष्ट निर्माण शिनपा ८

१८. धोद्रे रातामाटा बन्गुरखाल मो.वा शिनपा ८

१९. माझखाल मो.वा. निर्माण शिनपा ८

२०. तिनखण्डे रिङ्गरोड स्तरोन्नती तथा नया ट्रयाक निर्माण शिनपा ८

२१. आपचौर जौखरे मो.वा. स्तरोन्नती शिनपा ८

२२. बडिदमार आपचौर दक्सु सुनघाट हुदै डम्रेखर्क मो.वा. स्तरोन्नती शिनपा ८

२३. लामीदमार मो.वा. निर्माण शिनपा ८

२४. डम्रेखर्क सुनघाट मो.वा. शिनपा ८

२५. बान्द्रे ट्रष्ट निर्माण शिनपा ८

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल